# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १८ साउन २०८०
# बिहीवार
# बैठक सङ्ख्या- ३३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ । संक्षेपमा हाम्रो भनाइ राख्नुहोस् ।

(१३:०३ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्षज्यू, महत्त्वपूर्ण विषय भएकोले मलाई अलिकति समय मैले लिनुपर्ने भ'को चाहिँ छ । त्यसले गर्दा सम्माननीयज्यूलाई यो अनुरोध गर्दै यो राख्न, केही कुराहरू राख्न चाहिँ चाहन्छु । करिब हप्ता दिनपछि हामी संसदमा उपस्थित भएर भाग लिइरहेका चाहिँ छौं । हाम्रो चाहना सदन राम्रोसँग चलोस्, सरकारले बिजिनेस ल्याओस् र यो संसदको गतिरोध यसरी चाहिँ अन्त्य

भएर सदन चलोस् भन्ने चाहना थियो । तर सरकार संवेदनशील छैन । सरकारले हामीले उठाएका विषयहरूलाई ध्यान चाहिँ दिँदैन र सरकार आफ्नो ढङ्गले चलिरहेको छ । यसले गर्दा फेरि पनि हामी संसदलाई अगाडि बढ्न नदिनका निम्ति हामी यो संसदको सम्माननीय अध्यक्षज्यूलाई ध्यानकर्षण गर्न चाहन्छौं ।

सन्दर्भ के हो भन्दाखेरि, जुन गत श्रावण ३ गते करिब २०८० साउन ३ गते करिब एक क्विन्टल सुन, एक क्विन्टलभन्दा बढी सुन नेपालमा भित्रिएको कुराहरू सामाजिक सञ्जाललगायत धेरै ठाउँबाट ती कुराहरू पुष्टि भइसकेपछि चाहे त्यो प्रतिनिधि सभामा होस्, चाहे राष्ट्रिय सभामा पनि हामीले कुराहरू उठाएका थियौं । र हामीले त्यो त्यति ठुलो परिणाममाथि सुन कसरी बाहिरियो? भन्ने सन्दर्भमाथि यो, यो राजस्व अनुसन्धान विभागको टोलीले अन्तर्राष्ट्रिय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिर आउँदै गरेको सिनामङ्गलस्थित ठाउँबाट त्यो सुन समातियो भन्ने कुरा चाहिँ आइसकेपछि त्यसको चाहिने निष्पक्ष छानबिन होस् भन्नका निम्ति उच्चस्तरीय छानविन समितिको हामीले माग गरेका थियौं । तर अहिलेसम्म पनि यो सरकारले त्यस बारे चाहिँ केही पनि कुरा अगाडि बढाको चाहिँ छैन । आज पनि हामी यही कुरा भन्न चाहन्छौं । त्यो चाहिँ कुराहरू सम्बोधन नभइसकेपछि त्योसँग चाहिँ के त्यो चाहिने सुन करिब एक क्विन्टल सुन बरामद भइसकेपछि हाम्रो देशको सुरक्षा प्रणाली कस्तो चाहिँ छ? अति संवेदनशील क्षेत्र भन्ने अन्तर्राष्ट्रिय विमानस्थलमा खटिएका चाहे ती चाहिने राजस्व अनुसन्धानलगायतका भन्सारका कर्मचारी हुन् भन्दाखेरि चाहे त्यहाँ सुरक्षामा खटिएका सुरक्षा निकायका चाहिँ कर्मचारीहरू चाहिँ हुन्, यी सबैको चाहिँ सुरक्षा व्यवस्था कस्तो चाहिँ छ? र भन्सारका कर्मचारी त्यहाँ के गरिरहेका छन् भन्ने कुरो त्यो सुन्नुपर्दा आज हाम्रो शिर चाहिँ एउटा स्वाभिमानी नेपालीको शिर निहुरिएको छ ।

नेपाल एउटा तस्करहरूको देश, नेपालीको तस्करहरूको स्वर्ण देशमा रूपमा अहिले परिभाषित गरिएको छ । र त्यसले गर्दा हामी स्वाभिमान नेपालीको शिर निहुरिएको छ । हामी यो देशलाई स्वाधीन राष्ट्रको भनेर भन्छौं । एउटा स्वाधीन राष्ट्रका नागरिकहरूको शिर निहुरिने गरेर काम भ'को छ । सरकार यसप्रति बेखबर नै छ ।

र हामी के चाहन्छौं भने यसमा जोसुकै व्यक्तिहरू संलग्न किन नहोस्, ती व्यक्तिहरूलाई कानुनको दायरामा ल्याउनुपर्छ भन्ने कुराले हामीले चैं उच्चस्तरको छानबिनको समितिको माग गरेका थियौं । सरकारले प्रतिपक्ष पार्टीका सबै माननीयज्यूहरूले कुरा राखिसकेपछि, नेकपा एमालेले कुरा राखिसकेपछि कम से कम सरकार यसको बारेमा चैं गम्भीर हुनुपर्छ । सरकार अहिलेसम्म गम्भीर भएको चैं छैन । र नयाँ नयाँ तथ्यहरूको अहिले सार्वजनिक भइराखेका

छन् । ती तथ्यहरू सार्वजनिक हुने क्रमसँग हाम्रो सम्माननीय प्रधानमन्त्रीले यही समयमा काहीँ बोल्ने क्रममा भन्नुहुन्छ, अब कुनै पनि, भ्रष्टाचारसम्बन्धीका कुनै पनि सबै फाइलहरू खोलिने छ । कसैको पनि कुरा सुनवाइ हुने छैन भन्ने कुराहरू प्रधानमन्त्रीले त्यसरी बोल्नुहुन्छ । र गृहमन्त्रीसमेतले त्यस्तै गरी उपप्रधानमन्त्री तथा गृहमन्त्रीले त्यही खालको कुरा बोल्नुहुन्छ कि अब कसैको कुरा पनि सुनिने छैन । चाहे त्यो जुनसुकै टारको होस्, चाहे जुनसुकै कोटको होस्, जहाँसुकैको व्यक्ति परे पनि त्यसलाई छोडिने छैन र कानुनको कठघरामा ल्याइने छ भन्ने कुराहरू भन्नुहुन्छ । तर भन्ने कुरा एउटा छ, व्यवहारमा अर्कै कुरा छ ।

म चैं सम्माननीय अध्यक्षज्यूलाई म फेरि पनि अध्यक्षज्यूमार्फत म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु कि नयाँ तथ्यहरू जे अहिले सार्वजनिक भ'का छन्, ती तथ्यहरूका बारेमा आज फेरि पनि अस्ति ११ गतेको हाउसमा पनि कुरा उठेको थियो हाम्रो दलको तर्फबाट, म आज फेरि पनि तिनै कुराहरूलाई उठाउन चाहन्छु । र सरकारले ती सत्य तथ्य कुराहरूलाई ..... खण्डित चैं गरोस्, खण्डन चैं गरोस्, यो होइन भन्ने कुरा । यदि सरकारले ती सत्य तथ्य चैं भनेर हामीले औंल्याएका विषयमा सरकारले हो, यो कुरा भ'को हो भन्छ भनेपछि सरकारले उच्च छानबिन समिति बनाउनेमा उसले आफ्नो भूमिका खेल्नुपर्छ र यो संसदको जुन गतिरोध छ, त्यसलाई अन्त्य गरेर संसद सुचारु रूपले चैं राम्रोसँग चलाउन दिनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु ।

म सम्माननीय अध्यक्षज्यूमार्फत म देश बासीलाई पनि, देश बासीलाई म, देशका सबै नागरिकलाई जानकारी गराउन चाहन्छु, यी तथ्यहरू के हुन् । त्यसै गरी सम्माननीय अध्यक्षज्यूमार्फत यहाँका सबै मिडियाकर्मीहरूलाई, पत्रकारज्यूहरूलाई पनि म ध्यानाकर्षण गराउन चाहन्छु, यी तथ्यहरू के हुन् । यी तथ्यहरू यदि खण्डित गर्न सरकारले हिम्मत राख्छ भने ती तथ्यहरूलाई खण्डित गरिसकेपछि हामी स्वीकार गर्न तयार छौं । यदि यी उठाएका तथ्यहरू यकिन हुन् भनेपछि सरकारले यो तथ्यमा टेकेर उच्च एउटा छानबिन समिति बनाउनुपर्छ । यो देशमा, यो देशलाई तस्करहरूको देश चैं बनाउनुहुँदैन । यो तस्करसँग जोडिएका थुप्रै मान्छेहरू छन् । त्यो जुनसुकै आवरणमा जुनसुकै राजनीतिक शक्तिकेन्द्रसँग हुन्, चाहे त्यो उच्चस्तरका कर्मचारीको संयन्त्रमा सामेल भएका हुन्, चाहे ती उच्चस्तरीय ती प्रहरी हुन्, या प्रशासन कुनै पनि तहसँग जोडिएका मान्छे किन नहुन्, ती सबै छानबिनको दायरामा आउनुपर्छ भन्ने कुरो म राख्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, मेरो ती तथ्य प्रमाणहरू यस प्रकार छन् । रेडी ट्रेड भन्ने प्रा.लि.ले, २०८० सालको वैशाख १० गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार

कार्यालयमार्फत काम सुरु गरेको थियो । आयातित वस्तुहरू निश्चित धातुका item, Honkong बाट Cathay Pacific Air Cargo मार्फत ३३ पटक नेपालमा भित्रिएको थियो । मिति २०८० साल ज्येष्ठ १२ गते एकपटक संयुक्त अरब इमिरेटबाट ५२ केजीको पानी तान्ने मेसिन आयात गरिएको थियो । सामान्यतया company बाट बनेको पानी तान्ने मेसिनको तौल २० किलोग्राम हुन्छ । तर त्यसमा चैं ५२ केजी उल्लेख भ'को छ । त्यसै गरी पानी तान्ने मेसिनको भन्सार मूल्य ३५ डलर हुन्छ, तर उक्त मेसिनको मूल्याङ्कन ४८० dollar राखिएको छ । बरामद गरेको धातु यही साउन २ गते पहिलोपटक ८ प्याकेटमा आएको छ । प्रतिप्याकेट मोटरसाइकलका लागि प्रयोग हुने २० brake shoe को नाममा ती उक्त सामान आ'को छ । Brake shoe को प्रति piece ३ अमेरिकी डलर मूल्याङ्कन राखिएको, जबकि भन्सार मूल्याङ्कन, brake shoe को मूल्याङ्कन ७५ cent मात्र कायम छ । ५०० dollar भन्दा माथिको कारोबार हुँदा बैङ्कबाट कारोबार गर्नुपर्ने नियम कारोबार गर्नुपर्ने नियम चाहिँ छ । त्यो नियम छल्नका निम्ति १३० को १६० वटा piece बनाएर ४८० dollar कायम गरेको छ । १६० piece brake shoe को १५२ केजी हुन आउँछ जबकि प्रत्येक brake shoe को तौल ४०० ग्राम हुन्छ । त्यस हिसाबले यसको सम्पूर्ण तौल चैं ६४ किलो मात्र हुन जान्छ । तर यसमा आयातित गरिएको प्रति brake shoe को तौल ९५० ग्राम चैं छ । र कूल तौल १५२ केजी हुन आ'को छ । Honkong बाट brake shoe लगायतका आयातित सामानको ..... नखुलेको तर त्यसले Cathay Pacific Air Cargo ले दिएको सामान ढुवानीको चलानी रसिदमा सडकबाट उठाएको भन्ने जवाफ उल्लेख गरिएको छ । रेडी ट्रेड प्रा.लि.ले ३३ पटक धातुजन्य निश्चित वस्तु आयात गर्दा २२ पटक भन्सार X-Ray Metal Detector Machine ले RC (recheck) सङ्केत गरेको छ । तर भन्सार सुरक्षामा खटिएको टिमले पुनः चेक गर्ने काम चैं नगरेको ।

र त्यसै गरी हवाई यातायात, हवाई यात्रुले आफूसँग लिने सामाग्री personal ..... अन्तर्गत दुई जना यात्रुले २०८० साल वैशाख २ अगाडि, वैशाखअगाडि २ पोका brake shoe ल्याइएको, त्यसपछि brake shoe को आयात कम्पनीमार्फत गरिएको रहेछ । आयातित वस्तुको भन्सार प्रज्ञापन पत्रमा अनियमितता भएको शङ्का लागेमा विगतमा अर्थ मन्त्रालयको सहसचिवस्तरीय छानबिन समिति बनाउने गरेको तर यसपटक भने अर्थ मन्त्रालयका उपसचिव मानबहादुर अर्यालको नेतृत्वमा कम्प्युटर अधिकृतलगायत केही अधिकृत थपेर ..... समिति बनाइएको छ । १५२ किलो brake shoe बरामद गरेकै दिन भन्सार प्रमुख अरुण पोखरेल र प्रहरी प्रमुख DIG अर्जुन चन्द बिदामा बस्नुभ'को छ । यसले के देखाउँछ भन्दाखेरि ती दुईजना अधिकृतहरू यसरी मतलब (**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय आफ्नो भनाइ सङ्क्षेपमा राख्नुस् ।)

यसरी बिदामा बसेपछि त्यो बिदामा बस्न परेकोले हामीलाई एउटा संशय उत्पन्न गरेको छ । र नेपालमा १ क्विन्टल मात्रै होइन करिब ३३ पटक आयातित गर्दाखेरि २२ पटकमा RC भन्ने उल्लेख भ'को छ । करिब टनभन्दा बढी १ टनभन्दा आज २ टनभन्दा बढी सामान, सुन नेपालमा भित्रिएको छ भन्ने कुरा यी सबै तथ्य प्रमाणितहरू पुष्टि हुन आउँछ ।

त्यसै गरी Electric Cigarette, ई-चुरोटको सन्दर्भमा Electric Cigarette, ई-चुरोटपनि भेप हवाई यात्रुसँगै पटकपटक ल्याएको देखिन्छ । तर पछिल्लोपटक ७ सय Piece, Electric Cigarette, ई-चुरोट भन्सारले जफत पनि गरेको देखिन्छ । जफत भएको ई-चुरोट लिलामी गर्न पूर्वसभामुख कृष्णबहादुर महरा र उनका छोरा राहुल महराले दबाब दिएको विभिन्न सञ्चार माध्यमबाट हामीले थाहा पाएका छौं । यो पनि पुष्टि भ'को छ । गोदाममा रहेको आयातित Electric Cigarette, ई-चुरोट जसमा सुन भएको आशङ्का गरिएको थियो । त्यो Cigarette लाई, त्यो ई-चुरोट, Cigarette लाई चोरी गरेर, ई-चुरोटको सट्टा नेपाली बजारबाट खरिद गरेर ल्याएको भेप राखिएको छ । यसले गर्दाखेरि भन्सारका कर्मचारीहरूको मिलोमतोमा त्यो त्यहाँभित्र भएको, गोदाममा भएको E-Cigarette लाई चोरी गरेर बाहिर लिएको छ । र नेपालमा उत्पादन भएको, नेपालमा अर्को ..... राखेको E-Cigarette त्यहाँ ल्याइएको चैं छ । भन्सार कार्यालयबाट चोरी भएको ७ सय पिस ई-चुरोट भित्र करिब ९ किलो, ११ ग्राम, ५ सय २४ ग्रामको किलो सुन भएको अनुमान गरिएको भन्सार कार्यालयको storekeeper जसले गोदाम हेर्ने थिए । उनको घरमा रेवन्त खड्काको घरमा छापा मार्दाखेरि करिब ६ करोड रूपियाँ बरामद भ'को छ ।

सम्माननीय अध्यक्षज्यू, ती कुराहरू तथ्यगत कुराहरू हुन् । हामीसँग यी तथ्यगत प्रमाणहरू छन् । यो प्रमाणको आधारले के भनेका छौं भन्दाखेरि हाम्रो देश कुनै तस्करको देश नहोस् । हाम्रो देशको स्वाभिमान चाहिँ नबिग्रियोस्, नेपालीको स्वाभिमान नबिग्रियोस्, नेपालीको स्वाभिमान गिरेको छ । नेपाल भन्ने देश तस्करको देश भन्ने कुरा अहिले उल्लेख भ'को छ । यसले गर्दा हाम्रो दलको तर्फबाट म यसैसँग जोडेर केही कुराहरू म भन्न चाहन्छु । (**<u>सम्माननीय अध्यक्ष</u>**:- अब छोट्याउनुस् माननीय, छोट्याउनुस् लामो भो' ।)

सम्माननीय अध्यक्षज्यू, एउटा कुरा सुन्दिनुपर्‍यो र यही यति ठुलो amount मा करिब १ क्विन्टलभन्दा बढी amount मा आ'को जुन सुन चाहिँ छ, त्यसमा जोडिएका दावा छिरिङ भन्ने व्यक्ति Belgium का नागरिक चाहिँ हुन् । उनी तिब्बतीयन मुलका नागरिक भनिएको छ, तिब्बतीयन मुलका । र उनी Belgium को नागरिकता प्राप्त भएको व्यक्ति चाहिँ हुन् । र उनीले उनको नाममा अहिले भर्खरै आजको समाचारपत्रमा त्यहाँ धेरै कुराहरू उल्लेख भ'को चाहिँ छ, त्योतर्फ पनि म सम्माननीय अध्यक्षज्यूको ध्यानाकर्षण आकर्षण गराउन चाहन्छु र अध्यक्षमार्फत

नेपाल सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । यसको बारेमा सत्य तथ्य कुराहरू के हो? उनले के गरेका छन् भन्दाखेरि, उनले हाम्रो काभ्रेपलाञ्चोक जिल्लाबाट उनलाई नागरिकता दिनको निम्ति यहाँको विशेष निर्देशनमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा, गृहमन्त्री विमलेन्द्र निधिको ठाडो आदेशमा दुई जना कर्मचारी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट सरुवा गरिन्छ । ती कर्मचारीको नाम भनेको अधिकृत भुपेन्द्र पाण्डे र सुब्बा रामचन्द्र अर्याललाई त्यहाँ पठाइन्छ । र त्यहाँ पठाइसकेपछि २०७३ साल कार्तिक २२ गते त्यहाँ पठाइन्छ । २०७४ साल पौष २० गते त्यहाँबाट उनले नमोबुद्ध नगरपालिका वडा नम्बर ११ बाट अनुसूची फाराम नभरेर अर्को नागरिकता लिन्छन् । त्यो लिइसकेपछि र अहिले वडा कार्यालयको सिफारिसमा त्यो खोज्दा अनुसूची फेला पर्दैन र कुनै पनि रेकर्ड त्यहाँ नभएको कुराहरू हुन्छ । र यो पालामा यो ..... करिब ३५० ओटा नागरिकताहरू विना अनुसूची फाराम भरेका नागरिकताहरू त्यहाँबाट वितरण गरिएको छ । र त्यो पत्रिकामा लेखेको आधारमा मान्ने हो भने ३ लाखदेखि ५ लाखसम्मका रुपियाँ सङ्कलन गरेर यसरी सरकारको आदेशमा ती कुराहरू हुने गरेका छन् । र दावा छिरिङ भन्ने व्यक्तिलाई निमा तामाङ बनाएर नागरिकता दिइएको छ । यसरी सुन तस्करसँग राजनीतिज्ञहरूसँग सेटिङ भ'को छ भन्ने कुराहरू यी सबै प्रमाणले पुष्टि भ'को छ ।

त्यस्तै गर्दाखेरि म सम्माननीय अध्यक्षज्यूलाई के भन्न चाहन्छु भन्दा, म धेरै समय लिन त चाहन्नँ, नेकपा एमाले यी सबै कुराहरूलाई टुलुटुलु हेरेर बस्ने पक्षमा छैन । हामी पनि सदनमा अहिले सत्तापक्ष, अहिले प्रतिपक्ष भ'का छौं । यी कुराहरूको तथ्य सत्य छानबिनका निम्ति उच्चस्तरीय समिति बनोस् । जबसम्म त्यो बन्दैन, जबसम्म ती कुराहरूलाई कार्यान्वयनको दायरामा ल्याउनको निम्ति सरकार तयार हुँदैन तबसम्म चाहिँ यी कार्यसूचीहरू जे विषयहरू उल्लेख भ'का ती कुराहरूलाई अगाडि नबढाइयोस् भन्ने कुरा नेकपा एमालेको दलको तर्फबाट निर्णय भ'कोले म यही कुराहरू जानकारी गराउँदै आफ्ना भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**(१३:१६ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, त्यत्रो लामो विचार राखेपछि त बस्दिनुहोस् अब कार्यक्रम अगाडि बढाऊँ । राष्ट्रको, सबैको ध्यान गा'कै छ । त्यसकारण चाहिँ

यस विषयमा अब सरकार पनि पक्कै गम्भीर छ होला । यो वार्ता र संवादबाट समाधान हुने हो । यसकारण म माननीयहरूलाई बस्न आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**(१३:१८ बजे) __सम्माननीय अध्यक्ष__**:- माननीयज्यूहरू बसौं । छलफल र संवादबाट यो, यस्ता समस्याहरू समाधान गर्नुपर्ने हुन्छ । म सम्बद्ध सबै पक्षहरूलाई, राजनीतिक दलहरू, सरकार, यो यसलाई अलि वार्तालाई जोड दिँदै एउटा निकासमा पुग्नको लागि पनि म आग्रह गर्दछु । र माननीयहरूलाई बसेर हाम्रा नियमित प्रक्रियाहरू हामीसँग शून्य समय छ, विशेष समयहरू छ । यसमा बरू आफ्ना भनाइहरू राख्दा राम्रो हुन्छ । सबैले भनाइ राखे गरौं । त्यसले जनतामा पनि धेरै कुरा जान्छ । यहाँहरूले पनि बोल्ने समय पनि धेरै पाउनुहुन्छ । सबैले पाउनुहुन्छ । यहाँहरूलाई बस्न म आग्रह गर्दै यसलाई सुचारू गर्न सहयोग गर्न पनि म अनुरोध गर्दछु ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

**(१३:२६ बजे) __सम्माननीय अध्यक्ष__**:- माननीय सदस्यहरू, सुन तस्करीको विषयले सभाको पछिल्ला गतिविधिहरू अवरोध हुँदै ग'का छन् । र बैठकहरू पनि अवरोध हुँदै आ'का छन् । यस विषयमा सभाको गम्भीर ढङ्गले ध्यान आकर्षण भएकै छ । म सरकारको समेत यस विषयमा गम्भीर ध्यानाकर्षण गराउँछु । र आवश्यक पहल लिनको लागि पनि आग्रह गर्दछु । माननीयहरू बसेर हाम्रा अरू गतिविधिहरूलाई अगाडि बढाउन फेरि पनि सहयोग गर्नको लागि म अनुरोध गर्दछु ।

(प्रमुख प्रतिपक्षी दलका माननीयहरू आआफ्नो आसनअगाडि उभिइरहनुभएको ।)

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल साउन २२ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल साउन २२ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १२:१३ बजे ।**